आज मिति २०७४ श्रावण २७ गते, शुक्रबार विहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :–

१. अरनिको राजमार्ग उत्तरतर्फ सूर्य विनायकदेखि पुरानो जगातिसम्म सडक चौडा पार्ने बारे ।

२. माटो परीक्षण बारे ।

३. भ.न.पा.वडा नं. ५ भेलुखेलस्थित पुल निर्माण बारे ।

४. विविध ।

**निर्णयहरु :-**

१. सूर्यविनायकदेखि पुरानो जगाति पुलसम्मको भक्तपुर नगरपालिका क्षेत्रमा पर्ने सडक विस्तार कार्यलाई अगाडि बढाउने विषयमा डिभिजन सडक कार्यालय, भक्तपुरसंग छलफल गर्ने निर्णय गरियो ।

२. ख्वप अस्पताल, अरनिको सभा भवन, भ.न.पा.वडा नं. १ स्थित बहुउद्देश्यीय भवन, महेश्वरी खेल मैदान र शहीद स्मृति खेल मैदान निर्माण स्थलको माटो परीक्षण कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका क्षेत्रको ग्ये भिमसेनबाट भ.न.पा.वडा नं. ७ वडा कार्यालय आउने बाटोमा रहेको हनुमन्ते खोलाको पुल पुनः निर्माणको लागि इन्जिनियरिङ्ग तथा स्ट्रक्चरल डिजाइन गर्न शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्न अनुसार गर्ने निर्णय गरियो :

क. भक्तपुरको खरिपाटीस्थित काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडद्वारा संचालित खानेपानी प्रशोधन केन्द्र र मुहान पोखरीको रेखदेखका लागि काउखालीलाई सहयोग गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको तर्फबाट २(दुई) जना कर्मचारी खटाउने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका वडा नं. १ स्थित डिप बोरिङ्ग स्थलमा रहेको न.पा.को स्वामित्वमा रहेको पम्प घरको तल्ला थप गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिका वडा नं. १ स्थित दुग्ध चिस्यान केन्द्र र भक्तपुर नगरपालिका वडा नं. ८ स्थित लिवाली क्षेत्र लगायतका स्थानहरुमा खानेपानी बन्दोबस्तको लागि डिप बोरिङ्गको सम्भाव्यता अध्ययन गर्न काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका क्षेत्रभित्रको घर जग्गा मूल्यांकन करको सम्पूर्ण दस्तुर सम्बन्धित वडा कार्यालयबाट नै संकलन गर्ने निर्णय गरियो ।

ङ. नेपाली नागरिक बाहेकका व्यवसायीहरुको व्यवसाय दर्ता सम्बन्धमा छलफल हुंदा व्यवसायीहरुले सम्बन्धित देशको राजदूतावासबाट नेपालमा बसी व्यवसाय गर्न पाउने अनुमति पत्र पेश गरेको र सम्बन्धित देशको नागरिकता वा रासन कार्डको प्रतिलिपि पेश गरेको अवस्थामा अस्थायी व्यवसाय दर्ता प्रमाण पत्र दिने निर्णय गरियो । साथै अस्थायी दर्ता प्रमाण पत्रमा **'कर प्रयोजनको लागि मात्र'** भन्ने व्यहोरा समेत उल्लेख गर्ने ।

च. घर जग्गा कर चुक्ता प्रमाणित वडाबाटै गरिदिने सम्बन्धमा गत विगतदेखि रु.१० लाखसम्मको मूल्यांकनको कर चुक्ता वडाबाट र सो भन्दा माथिको हकमा नगरपालिकाबाट भै आएकोमा मिति २०७४ भाद्र १ गतेदेखि रु.१० लाख भन्दा माथिको मूल्यांकन समेत वडाबाटै प्रमाणित गरी पठाउने निर्णय गरियो ।

छ. २०७४ असार मसान्तसम्मको देहाय अनुसारका यथार्थ आय व्यय अनुमोदन गरियो :

असार मसान्तसम्ममा

| क्र. | विवरण | रकम |
|---|---|---|
| १ | बाह्य आम्दानी | रु.२३,३४,५०,४५०।- |
| २ | पर्यटन | रु.२०,१२,५,७९५ ।- |
| ३ | आवास योजना | रु.१,३३,५०,६४५।२१ |
| ४ | विभिन्न कर | रु.६,६९,४६,२६९।९० |
| कूल आम्दानी | | रु.५१,५०,५३,१६०।९३ |
| अनुमानित बजेट | | रु. ६६,८०,००,०००।- |
| यथार्थ खर्च | | रु.५०,९७,९४,१९६।१८ |

ज समिति निर्णय अनुमोदन सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो :

क. युवा तथा खेलकुद समितिको मिति २०७४।३।१७ गतेको बैठकबाट भक्तपुर जिल्ला बुद्धिचाल संघको आयोजनामा २०७४ आषाढ २८ गतेदेखि ३० गतेसम्म हुने भक्तपुर जिल्लाव्यापी खुल्ला महिला तथा पुरुष बुद्धिचाल च्याम्पियनसिपको लागि रु.१०,०००।- अक्षेरेपी दश हजार आर्थिक सहयोग गर्ने निर्णय अनुमोदन गरियो ।

ख. भक्तपुर शारीरिक सुगठन तथा फिटनेस संघको आयोजनमा काठमाण्डौ उपत्यकाव्यापी शारीरिक सुगठन प्रतियोगिता २०७४ भाद्र ३० गते हुने प्रथम मिस्टर फिटनेस प्रिमिक्स २०७४ को लागि रु.२५,०००।- अक्षरुपी पच्चिस हजार आर्थिक सहयोग गर्ने निर्णय अनुमोदन गरियो ।

ग. शान्तिका लागि युवा परिचालन भन्ने मूल नाराकासाथ अन्तर्राष्ट्रिय युवा दिवस मिति २०७४।४।२८ गते विचार गोष्ठी गर्ने ।

घ. जिल्ला फुटबल संघको आयोजनामा भएको विद्यालय स्तरीय फुटबल प्रतियोगिताको लागि रु.२०,०००।- अक्षेरुपी बीस हजार आर्थिक सहयोग दिने ।

ङ. म्याद थपबारे छलफल हुंदा देहाय अनुसार म्याद थप गर्ने :

- ❖ वडा नं. ९ मा सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको माग अनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ वडा नं. २ सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको माग अनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ वडा नं. ५ टौमढीमा सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको माग अनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ वडा नं. ५ मुःद्विपमा सौर्य सडक बत्ती जडानको मिति २०७४ साउन मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ वडा नं. ३ मा सौर्य सडक बत्ती जडानको मिति २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ वडा नं. ५ स्थित कुमारी पोखरी उपभोक्ता समितिको माग अनुसार भाद्र मसान्तसम्म म्याद थप गर्ने ।
- ❖ $G^3$ विल्डर्स एण्ड डेभलपर प्रा.लि. लाई अन्तिम पटक कार्तिक मसान्तसम्म म्याद थप गर्ने ।

च. भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको भू-उपयोग नक्सा अनुसूची ३ मा केही पुरानो नगर क्षेत्र विस्तारित आवास क्षेत्रमा परेका हुंदा पुनः निर्माण गरिने घर साविक बमोजिम निर्माण गर्न समस्या भएको हुंदा भ.न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको भू-उपयोग नक्सामा देहायका क्षेत्रहरु पुरानो नगर क्षेत्रमा समावेश गरी भू-उपयोग नक्सा संशोधन गर्ने निर्णय गरियो । पुरानो नगर क्षेत्रमा समावेश गर्ने क्षेत्रहरु यस प्रकार छन् :

पूर्वमा नगांचा क्षेत्र, नवदुर्गा द्यो छें हुँदै चोफल, गरुढ कुण्ड, च्याम्हासिंह गेट हुँदै सैंजु दही पसल ( सार्वजनिक धारा) सम्मको कमलविनायक-च्याम्हासिंह-जगाति पिच सडकको एक कित्ता बाहेक क्षेत्र, समाज सुधार स्कुलको पुरानो भवन, मुनि विहार क्षेत्र, सैंजु दही पसल (सार्वजनिक धारा) हुँदै मे तँ सम्मको बाटोको उत्तर क्षेत्र महेश्वरी उकालो, मचो भैरव क्षेत्र, याता पोखरी पूर्व, हनुमानघाट क्षेत्र, कमल पोखरी क्षेत्र, दोगन लैको, राम मन्दिर मे तँ, बोलाछें तंचा, थुचो, मंगल तिर्थ क्षेत्रको दक्षिण तर्फ हनुमन्ते खोला सम्म ।